आज मिति २०७६/०९/०१ गते मंगलवारका दिन शिवालय गाउँपालिका, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

तपसिल

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री बिरबल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसबिर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो वादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री बिपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रमुख प्रशासकीय अधिकृत

शिवालय गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बितार, बाजुरा कर्णाली प्रदेश, नेपाल २०७३

प्रस्तावहरु

१. प्रस्ताव छनौट सम्बन्धमा ।

२. बहुक्षेत्रीय पोषण कार्यक्रम स्वीकृती सम्बन्धमा ।

३. खोप केन्द्र भवन निर्माण सम्बन्धमा ।

४. राहत वितरण सम्बन्धमा ।

५. भकारो सुधार कार्यक्रम सम्बन्धमा ।

६. सांस्कृतिक महोत्सवलाई सहयोग सम्बन्धमा ।

७. आयोजनाको रकम भुक्तानी सम्बन्धमा ।

८. विविध तथा अन्य प्रासंगिक विषय ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा शिवालय गाउँपालिकाको पाँचौ गाउँसभाद्वारा पारित आ.व. २०७६/७७ को स्विकृत बार्षिक विकास कार्यक्रममा राखिएका तपसिलका कार्यक्रम कार्यान्वयन **सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६** तथा **सार्वजनिक खरिद नियमावली २०६४ को नियम** ९९ को अधिनमा रही तपसिलका संघसंस्थामार्फत पेश हुन आएको प्रस्ताव स्वीकृती गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम | छनौट भएको प्रस्तावदाता |
|---|---|---|---|
| १. | महिला उद्यमशिलता प्रवर्द्धन कार्यक्रम | रु. २ लाख | दीर्घ सहयोगी महिला सहकारी संस्था.लि. |
| २. | अपाङ्ग प्रोफाइल निर्माण तथा सिप विकास तालिम | रु. २ लाख | मालिका अपाङ्ग सञ्जाल, शिवालय |
| ३. | बादी जातिको लागि बंगुर वितरण कार्यक्रम | रु. २ लाख | बादी सञ्जाल समिति, शिवालय |
| ४. | एकल महिलाहरुको लागि बाख्रा पालन कार्यक्रम | रु. १ लाख ५० हजार | जनजागरण अभियान शिवालय |
| ५. | जनजाति संरक्षण कार्यक्रम | रु. १ लाख ५० हजार | जनजाति नेपाल मगर संघ |
| ६. | दलित उत्थान कार्यक्रम | रु. २ लाख | नेपाल राष्ट्रिय दलित संघ |
| ७. | जातिय वर्गीय विभेदसम्बन्धी जनचेतनामुलक कार्यक्रम | रु. २ लाख | मधुरिमा कला केन्द्र |
| ८. | आगलागि नियन्त्रण सम्बन्धी जनचेतनामुलक कार्यक्रम | रु. १ लाख | जडिबुटी उपार्जन सहकारी संस्था |

| | | | |
|---|---|---|---|
| ९. | जनतासँग जनप्रतिनिधि कार्यक्रम/टेलिभिजन प्रसारण | रु. ४ लाख | भेरी मिडिया प्रा.ली. |
| १०. | सार्वजनिक सुनुवाई कार्यक्रम | रु. १ लाख ५० हजार | गतिशिल बहुउद्देश्यीय सहकारी संस्था लि. |
| ११. | सार्वजनिक तथा सामाजिक परिक्षण कार्यक्रम | रु. १ लाख ५० हजार | असल शासन युवा क्लब जाजरकोट |
| १२. | सुशासन प्रवर्द्धन सम्बन्धी तालिम | रु. १ लाख | मानव अधिकार संगठन, जाजरकोट |
| १३. | सेवाग्राही सन्तुन्टि सर्वेक्षण | रु. १ लाख | पश्चिम जाजरकोट विकास समाज |
| १४. | गरिब घरधुरी सर्वेक्षण कार्यक्रम | रु. १ लाख ५० हजार | पश्चिम जाजरकोट विकास समाज |
| १५. | वित्तीय साक्षरता तालिम | रु. १ लाख | कुशे व्यवसायिक फर्म भेनपा |
| १६. | सहकारी व्यवस्थापन तालिम | रु. १ लाख ५० हजार | सल्लेरी बहुउद्देश्यीय सहकारी संस्था लि. |
| १७. | विकासका लागि मिडिया परिचालन | १ लाख ५० हजार | जयचन्द्र मिडिया ग्रुप प्रा.ली |

## निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा संघीय सरकार र शिवालय गाउँपालिकाको संयुक्त लगानिबाट कार्यान्वयन गरिने बहुक्षेत्रीय पोषण कार्यक्रमअन्तर्गत विनियोजत बजेट स्वीकृती गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस शिवालय गाँउपालिकाको आ.व. २०७६/७७ को सशर्त अनुदान अन्तर्गतको खोप केन्द्र भवन निर्माण शिर्षकको बजेटबाट शिवालय गाउँपालिकाको वडा नं. ४ मा हालसम्म खोप केन्द्र बनेकोले सो स्थानमा खोपकेन्द्र भवन निर्माण गर्ने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस शिवालय गाँउपालिकामा प्राप्त विभिन्न राहतका विभिन्न निवेदनउपर कारवाही गर्दा उक्त निवेदकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा शिवालय गाउँपालिकाको सशर्त कार्यक्रमअन्तर्गतको भकारो सुधार कार्यक्रम शिवालय गाउँपालिकाको वडा नं. ४ मा सुधारीएको भकारो निर्माण गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा जाजरकोट जिल्लामा आयोजना हुन लागिरहेको जाजरकोट सांस्कृतिक महोत्सवका लागि स्थानीय कला संस्कृती प्रवर्द्धन शिर्षकबाट रु. ६० हजार रकम सहयोग गर्ने निर्णय गरियो । साथै सोही शिर्षकबाट शिवालय ६ स्थित जनजाति साहारा युवा क्लबलाई सहभागि हुन रु. ४० हजार सहभागि खर्च उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस शिवालय गाउँपालिका अन्तर्गत रहेका कच्ची माटे सडकहरु बर्षायामको पानीले बिग्री भत्की मर्मत गर्नुपर्ने भनी मिति २०७६/०६/०५ मा बसेको कार्यपालिकाको निर्णय बमोजिम मर्मत कार्यसम्पन्न भइसकेकाले उक्त सडकहरुको प्राविधिक मुल्यांकनका आधारमा मिल्दो शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस शिवालय गाँउपालिकाको चालु आवको वार्षिक विकास कार्यक्रममा नरहेका तर मर्मत सम्भार गर्नुपर्ने देहायबमोजिमका योजनाहरुको प्राविधिक लागत अनुमानका आधारमा निर्माण तथा मर्मत कार्य गर्ने र सो को भुक्तानी आ.व. २०७६/७७ को स्वीकृत वार्षिक विकास कार्यक्रमको मिल्दो शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

१. स्वास्थ्य चौकी सिमाको शौचालय भवन मर्मत
२. शिवालय गाउँपालिका वडा नं. ३ को वडा कार्यालय रंगरोगन
३. शिवालय १ स्थित दोभान कृषक समुह भवनको छाना मर्मत
४. स्वास्थ्य चौकी थालारैकर भवन मर्मत
५. स्वास्थ्य चौकी जुंगाथापाचौर घेराबार निर्माण
६. तुलेबुबु मन्दिर मर्मत, शिवालय ३ ताङ्गा
७. खापरदेव मष्टो मन्दिर मर्मत, शिवालय ४ टाटा

शिवालय गाउँ कार्यपालिकाको मिति २०७६/०९/०१ मा बसेको अठतिसौ बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत